लिखुतामाकोशी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

धोवीबजार, रामेछाप

बागमती प्रदेश, नेपाल

# पोलिथिन पाइप (HDPE) शीलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति :- २०७७/०२/२३)

लिखुतामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछापको चालु आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. ६, खिम्ती र वडा नं. ७ तिल्पुङका लागि **पोलिथिन (HDPE) पाइप** खरिद तथा वितरण गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक कम्पनी, फर्म, सप्लायर्सहरुबाट तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वकको शीलबन्दी दरभाउपत्र सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक **आइएस ओ सर्टिफाइड प्राप्त** कम्पनी, फर्म, सप्लायर्सले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व.२०७६/०७७ का लागि नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (पान) प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी **यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन मिति २०७७/०३/०५ गते शुक्रबार बेलुका ५:०० बजेभित्र सम्म** सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ८४ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम दरभाउपत्र फाराम दस्तुर **(पछि फिर्ता नुहने गरी) नेपाल इन्भेस्टमेन्ट बैंक, धोबी शाखा, रामेछापमा रहेको यस कार्यालयको स्थानीय सञ्चित कोष खाता नं.०७००१०४०२५०७४० मा दाखिला गरी सक्कलै भौचर सहित यस कार्यालयको जिन्सी शाखाबाट दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।**

२. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने कम्पनी, फर्म, सप्लायर्सको तर्फबाट प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा रीतपूर्वकको आधिकारिक अख्तियारी पेश गरेमा मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ तर एउटा आधिकारिक अख्तियारी एक व्यक्ति एक कम्पनी, फर्म, सप्लायर्सको लागि मात्र मान्य हुनेछ । त्यस्तो आधिकारिक अख्तियारी औचित्यता र विवेकसम्मत भए नभएको हेरी कार्यालयले जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ ।

३. खरिद गरिएका दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी कम्पनी, फर्म, सप्लायर्सले प्रत्येक पानामा सहीछाप सहित **आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्ताव एउटै खाममा शीलबन्दी गरी खाम बाहिर फर्मको नाम, पूरा ठेगाना र कामको नाम समेत प्रस्टसँग लेखी १६ औं दिन मिति २०७७/०३/०७ गते आइतबार अपरान्ह १२:०० बजेभित्र सम्म यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ ।** यसरी दर्ता हुन आएका दरभाउपत्रहरु **सोही दिनको २:०० बजे यसै गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबर नरहेमा पनि उक्त दिनको उक्त समयमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।** उक्त समयमा खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. शीलबन्दी दरभाउपत्रसाथ सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ८४ को उपनियम ६ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम दरभाउपत्र जमानत रकममा नघटाई **(दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको) नेपाल इन्भेस्टमेन्ट बैंक, धोबी शाखा, रामेछाप शाखामा रहेको यस कार्यालयको** धरौटी खाता नं.०७००१०४०२५०७७१ **मा दाखिला गरी सोको सक्कलै भौचर सहित वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ । कुनै पनि बचत तथा ऋण सहकारी संस्था वा फाइनाइन्स कम्पनी लिमिटेडबाट जारी भएको बिडबन्ड यस कार्यको लागि मान्य हुने छैन ।**

५. दरभाउपत्र फाराममा भ्याट (VAT) सहितको दररेटहरु अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ । कबोल अङ्क निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अङ्कलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रको बिड डकुमेन्ट, स्पेसिफिकेसन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्बन्धी कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय वा प्रसङ्गले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन । नेपाल सरकारको प्रचलित नियम कानुन र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

७. रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्रहरु उपर कुनै कारबाही हुने छैन । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र स्वीकृत भए पश्चात पनि यस कार्यालयले ठोस आपूर्ति तथा जडान कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ ।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

**तपसिल:**

| ठेक्का नं. | आपूर्ति गर्ने मालसामान को नाम | आपूर्ति गर्ने मालसामानको विवरण | लागत अनुमान रकम (भ्याट सहित) | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ०२/२०७६/०७७ | High Density Polythene (HDPE) Pipe NS 40 | For Drinking Water Supply ($10Kg/cm^2$ Pressure 16mm,20mm,25mm,32mm) | १७,९८,७३४।८० | ३५,९७५।- | १,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**